संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक - २५

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक अन्त्य : ४:०२ बजे*

२०७९ असार ८, बुधबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **पच्चीसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूले समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नुभएको जानकारी गराउनुहुँदै उहाँलाई समय उपलब्ध गराउनुभएपछि माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडू समसामयिक विषयमा बोल्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूले दिनुभएको बक्तव्यका सम्बन्धमा केन्द्रित रही प्रश्न सोधन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुहुँदा निम्न माननीय सदस्यहरूले प्रश्न सोध्नुभयो :

- मा. देवेन्द्र दाहाल
- मा. अनिता देवकोटा
- मा. प्रकाश पन्थ
- मा. भगवती न्यौपाने
- मा. शेखर कुमार सिंह
- मा. गंगा कुमारी बेलबासे
- मा. सुमित्रा बि.सी.
- मा. भैरव सुन्दर श्रेष्ठ
- मा. उर्मिला अर्याल

त्यसपछि सम्माननीय अध्यक्षले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूलाई माननीय सदस्यहरूले उठाउनु भएको जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउनुभएपछि माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्रप्रसाद बडूले जवाफ सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७९ का विभिन्न शीर्षकहरूमाथिको छलफल जारी रहेको जानकारी गराउनुहुँदै निम्न मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि छलफल हुने बेहोरा समेत जानकारी गराउनुभयो :

१. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

२. उद्योग, वाणिज्य तथा अपूर्ति मन्त्रालय

३. संस्कृति, पर्यटन तथा नागिरक उड्डयन मन्त्रालय

४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

५. परराष्ट्र मन्त्रालय

६. खानेपानी मन्त्रालय

७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि १/१ जना गरी जम्मा २ जना माननीय सदस्यहरूबाट २ वटा खर्च कटौतीका प्रस्तावहरू प्राप्त हुन आएको जनकारी गराउनुहुँदै खर्च कटौती प्रस्तावको प्रस्तावक माननीय भगवती न्यौपानेलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै त्यस दिनका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउनुभएपछि माननीय भगवती न्यौपानेले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले खर्च कटौती प्रस्तावका प्रस्तावक माननीय सोनाम गेल्जेन शेर्पालाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै त्यस दिनका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउनुभएपछि माननीय सोनाम गेल्जेन शेर्पाले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै त्यस दिनका लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले निर्धारित मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको जानकारी गराउनुहुँदै देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. नारायण दत्त मिश्र
२. मा. खिमलाल भट्टराई
३. मा. माया प्रसाद शर्मा
४. मा. सिंग बहादुर विश्वकर्मा
५. मा. हरि राम चौधरी
६. मा. राजेन्द्र लक्ष्मी गैरे
७. मा. गोपी बहादुर सार्की आछामी
८. मा. कृष्ण प्रसाद पौडेल
९. मा. उर्मिला अर्याल
१०. मा. सुरेश कुमार आलेमगर
११. मा. जग प्रसाद शर्मा
१२. मा. विमला घिमिरे
१३. मा. युवराज शर्मा

त्यसपछि सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७९ अन्तर्गत **शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, परराष्ट्र मन्त्रालय, खानेपानी मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७९ अन्तर्गत आगामी बैठकमा **भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय** सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल हुने बेहोरा जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले त्यस दिनको कार्यसूचीमा रहेको ४ नम्बरको विषयवस्तु अर्को बैठकमा पेश गर्ने गरी कार्यसूचीबाट हटाइएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८" माथि राष्ट्रिय सभा

नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८" सभा समक्ष पेश गर्न अनुमति दिनुभएपछि माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले "कोभिड-१९ सङ्कट व्यवस्थापन विधेयक, २०७८" सभा समक्ष पेश गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार ९ गते बिहीबार अपराह्न १:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव